सामाजिक सुरक्षा खबर

सामाजिक सुरक्षा कोष
Social Security Fund

सामाजिक सुरक्षा कोषको मासिक प्रकाशन

वर्ष ४ अंक १ चैत्र २०८० www.ssf.gov.np

# वैदेशिक रोजगारीमा रहेका सूचीकृत श्रमिकले कोषमा कसरी योगदान गर्ने ?

विक्रम सम्बत २०७९ चैत्र ०८ गते सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहलज्यूले औपचारिक रुपमा वैदेशिक रोजागरीमा रहेका श्रमिकहरू तथा विदेशमा स्वरोजगारमा रहेका हरू को लागि सामाजिक सुरक्षा योजनाको शुभारम्भ पछि सामाजिक सुरक्षा कोषको यो योजना आरम्भ भएको हो । त्यसयता सामाजिक सुरक्षा कोषमा सात लाखभन्दा बढी योगदानकर्ताहरू आवद्द भएकाछन् । कोषका योगदानकर्ताहरू १९० भन्दा वढी देशमा छरिएर बसेकाछन् ।

वैदेशिक रोजगारीमा रहेका सामाजिक सुरक्षा कोषका योगदानकर्ताहरू ले कोषको कार्यविधि अनुसार नेपाल सरकारले तय गरेको न्यूनतम आधारभूत पारिश्रमिकको २०.६७ % रकम कोषमा मासिक जम्मा गर्नु पर्ने प्रावधान छ । हाललाई नेपाल सरकारले न्यूनतम आधारभूत पारिश्रमिक रु. १०८२० /- कायम गरेको छ । तसर्थ, कोषमा वैदेशिक रोजगारमा रहेका सुचीकृत श्रमिकहरू ले रु. १०८२० को २०.६७% ले हुन आउने रु. २३०९.९ मासिक रुपमा कोषमा योगदान गर्नुपर्ने हुन्छ । कोषले सहजताको निम्ति एक पटकमा बढीमा २४ महिनासम्मको योगदान रकम अग्रिम जम्मा गर्न सक्ने व्यवस्था गरेको छ ।

कोषमा योगदान रकम जम्मा तल दिइएका तरिकाहरू अनुसार गर्न सकिन्छ :

१. **रेमिटको माध्यमबाट**

कोषका योगदानकर्ताहरूले रेमिटको माध्यमबाट कोषमा योगदान रकम जम्मा गर्न सक्नेछन् । हाललाई यो सुविधा IME रेमिट र GME रेमिट मा उपलब्ध छ ।

***रेमिट बाट कसरी रकम जम्मा गर्ने ?***

अ. सबैभन्दा पहिला आफ्नो सामाजिक सुरक्षा नम्बर कति हो एकिन गर्ने । सामाजिक सुरक्षा नम्बर श्रम स्वीकृति पत्रमा उल्लेख गरिएको हुन्छ ।

आ. त्यसपछि कोषमा कति रकम जम्मा गर्ने हो त्यो एकिन गर्ने । माथि उल्लेख गरीए जस्तै एक पटकमा २४ महिनासम्मको योगदान रकम जम्मा गर्न सकिन्छ । एक पटकमा ६ महिना भन्दा वढी रकम जम्मा गरिएमा १०% छुट पनि पाइनेछ ।

इ. त्यसपछि योगदानकर्ता बस्ने देशमा उपलब्ध कुनै रेमिट कम्पनी मार्फत कोषमा IME रेमिट वा GME रेमिटबाट सामजिक सुरक्षा नम्बरमा योगदान गरेमा त्यो रकम सोझै कोषको योगदानकर्ताको सामजिक सुरक्षा नम्बरमा जम्मा हुनेछ ।

२. **E sewaको माध्यमबाट**

कोषका योगदानकर्ताहरूले E Sewa को माध्यमबाट पनि कोषमा योगदान रकम जम्मा गर्न सक्नेछन् ।

***E Sewa बाट कसरी रकम जम्मा गर्ने ?***

अ. सबैभन्दा पहिला E Sewa मा log in गर्ने ।

आ. Government Payment मा SSF remit मा क्लिक गर्ने ।

इ. SSF remit मा मागिएको सामाजिक सुरक्षा नम्बर उल्लेख गर्ने ।

ई. त्यसपछि कोषमा कति रकम जम्मा गर्ने हो त्यो एकिन गर्ने ।

उ. सबै कुरा एकिन भए पछि भुक्तानी गर्ने । त्यो रकम सोझै कोषको सामाजिक सुरक्षा नम्बरमा जम्मा हुनेछ ।

थप जानकारीको लागि तलको QR scan गर्नु होला ।

# सामाजिक सुरक्षाका अन्तर्राष्ट्रिय अभ्यासः मलेसिया

मलेसियामा सामाजिक सुरक्षाका योजनाहरू सन् १९५१ देखि शुरु भएको हो | हाल मलेसियामा सामाजिक बीमा , संचय कोष र सामाजिक सहायता सम्बन्धि व्यवस्था रहेका छन् | सामाजिक बीमा र संचय कोष विशेषतः नीजि क्षेत्रका र केहि सरकारी क्षेत्रका श्रमिकलाई प्रदान गरिन्छ | संचय कोष सम्बन्धि व्यवस्था स्वरोजगार क्षेत्रको लागि पनि लागू गरिएकोछ | सामाजिक सहायता भने आवश्यकताको आधारमा निश्चित मलेसियाली नागरिकलाई मात्र उपलब्ध छ | मलेसियाको सामाजिक सुरक्षा कार्यक्रमलाई निम्न बमोजिम अध्ययन गर्न सकिन्छ :

**योगदान रकम**

| क स | योजना | योगदानकर्ता | रोजगारदाता | सरकार | कुल योगदान |
|---|---|---|---|---|---|
| १ | सामाजिक बीमा | मासिक आम्दानीको ०.५ % | मासिक आम्दानीको ०.५ % | - | मासिक आम्दानीको १ % |
| २ | संचय कोष | क. ६० वर्ष भन्दा कम उमेरकाले मासिक आम्दानीको ११%<br>ख. ६० देखि ७५ वर्ष भित्रकाले मासिक आम्दानीको ५.५%<br>ग. ले वार्षिक रुपमा न्यूनतम २०००(१८ वर्ष उमेरकाले ) र बढीमा २४०,००० (५५ वर्ष उमेरकाले) रिंगिट सम्म जम्मा गर्न पाउने | क. ६० वर्ष भन्दा कम उमेरकाले मासिक आम्दानीको १३%<br>ख. ६० देखि ७५ वर्ष भित्रकाले मासिक आम्दानीको ६% | क. स्वरोजगारको लागि वार्षिक २५० रिंगिट सम्म | ख. ६० वर्ष भन्दा कम उमेरकाले मासिक आम्दानीको २४ %<br>ख. ६० देखि ७५ वर्ष भित्रकाले मासिक आम्दानीको ११ % |
| ३. | दुर्घटना बीमा | - | मासिक आम्दानीको १.२५% | - | मासिक आम्दानीको १.२५% |
| ४. | बेरोजगारी सुरक्षा | मासिक आम्दानीको ०.२% | मासिक आम्दानीको ०.२% | - | मासिक आम्दानीको ०.४% |
| ५. | सामाजिक सहायता | - | | सम्पूर्ण रकम | |

**सुविधाहरू**

| क स | सुरक्षा योजना | योग्यता र पाउने सुविधा |
|---|---|---|
| १ | बृद्द अवस्था सुरक्षा योजना | अ. ५५ वर्षको उमेरमा यो योजनामा जम्मा भएको सम्पूर्ण रकम एक मुष्ट निकाल्न चाहेमा मिल्ने वा मासिक रुपमा २५० रिंगिट को रुपमा निकाल्न मिल्ने तर निकाल्न नचाहेमा १०० वर्ष सम्म योगदान गर्न सकिने \|<br>आ. न्यूनतम २.५% प्रतिफल प्रतिवर्ष ग्यारेन्टी भएको \| |

| | | |
|---|---|---|
| २ | असक्त पेन्सन | अ. उमेर ६० वर्ष भन्दा कम भै ४० महिनामा कम्तिमा २४ महिनाको योगदान भएको र ६६.७% असक्त भएमा<br>आ. मासिक आम्दानीको ५०% देखि ६५% सम्म पेन्सन ; यो योग्यता कायम नभए निश्चित रकम एक मुष्ट प्रदान गर्ने |
| ३ | आश्रित पेन्सन | क. मृतक योगदनकर्ताले ४० महिनामा कम्तिमा २४ महिनाको योगदान गरेको र योगदानकर्ताले असक्त पेन्सन पाएर वितेको भए आश्रितले असक्त पेन्सन बराबर नै पाउने नभए मासिक आम्दानीको ५०% देखि ६५% सम्म पेन्सन ।<br>अ.आश्रित पति वा पत्नीले पेन्सनको ६०% , सन्ततिले ४०% पाउने<br>आ. न्यूनतम आश्रित पेन्सन ४७५ रिंगिट रहेको<br>इ. आश्रित भन्नाले २१ वर्ष मुनिका सन्तति, विधवा, बिधुर, आमा, वुवा, हजुर वुवा र हजुर आमा रहने । |
| ४ | औषधि उपचार सुविधा | कुनै योग्यता मापनको अवधि नरहेको । यो सुविधाको लागि बृद्द अवस्था सुरक्षा योजनामा जम्मा भएको रकमबाट सापटी लिनु पर्ने । |
| ५ | मातृत्व सुविधा | अ. सुविधा पाउन एउटै रोजगारदाताकोमा पछिल्लो ९ महिनामा कम्तिमा ९० दिन काम गरेको हुनु पर्ने ।<br>आ. यसरी योग्य भएमा मासिक आम्दानी बराबरको रकम ६० दिनको लागि दिने । |
| ६ | आश्रित औषधि उपचार सुविधा | स्वास्थ्य मन्त्रालयले सहुलियत सहितको उपचारको सुविधा दिने |
| ७ | दुर्घटना सुविधा | अ. व्यवसायजन्य रोग वा दुर्घटना भएको प्रमाणित भए पूर्ण असक्षमता हुनु पर्ने ।<br>आ. पछिल्लो ६ महिनाको मासिक तलवको १००% र आंशिक असक्षम भए मासिक तलबको ८०% सम्म पेन्सन पाउने । |
| ८ | बेरोजगार भत्ता | क. उमेर ६० भन्दा कम हुनु पर्ने र हरेक पटक अन्य आम्दानीको श्रोत नभई रोजगार पोर्टलहरूमा रोजगारीको खोजीमा भएको हुनु पर्ने<br>आ. पहिलो पटकको दाबीको लागि पछिल्लो २४ महिनामा १२ महिनाको योगदान गरेको हुनु पर्ने ,<br>इ. दोश्रो पटकको दाबीको लागि पछिल्लो ३६ महिनामा १८ महिनाको योगदान गएको हुनु पर्ने<br>ई. तेश्रो पटकको दाबीको लागि ४८ महिनामा २४ महिनाको योगदान भएको हुनु पर्ने<br>ख. पाउने सुविधा ६ महिनाको लागि मासिक आम्दानीको ८०% पहिलो महिना, ५०% दोश्रो महिना , ४०% तेश्रो महिना, ३०% चौथो, पाँचौ र छैठौ महिना भुक्तान गर्ने<br>ग. तालिमको लागि दैनिक बढीमा २० रिंगिट सम्म पनि दिने |

**सापटी**

| क स | सुरक्षा योजना | पाउने सुविधा |
|---|---|---|
| १ | घर सापटी | बृद्द अवस्था सुरक्षा योजनामा जम्मा भएको रकम नयाँ घर किन्न सापटी लिन सकिने |
| २ | रोग उपचार सापटी | बृद्द अवस्था सुरक्षा योजनामा जम्मा भएको रकम आफ्नो वा आफ्ना आश्रितको रोगको उपचारको लागि सापटी लिन सकिने |
| ३ | शैक्षिक सापटी | बृद्द अवस्था सुरक्षा योजनामा जम्मा भएको रकम आफ्नो वा आफ्ना आश्रितको अध्ययनको लागि सापटी लिन सकिने |
| ४ | हज सापटी | बृद्द अवस्था सुरक्षा योजनामा जम्मा भएको रकम आफ्नो वा आफ्ना आश्रितको पहिलो हज यात्राको लागि सापटी लिन सकिने |
| ५ | लगानी सापटी | बृद्द अवस्था सुरक्षा योजनामा जम्मा भएको रकम स्वीकृत क्षेत्रमा लगानी गर्नका लागि सापटी लिन सकिने |

*(श्रोत: Social Security Programs Throughout the World: Asia and the Pacific, 2018)*

मलेसियाको सामाजिक सुरक्षा कार्यन्वयन गर्ने संस्थालाई Social Security Organization (SOCSO) भनिन्छ ।मलेसियाको सामाजिक सुरक्षा कार्यक्रममा विदेशी श्रमिकलाई पनि समेटेको पाइन्छ तर उहाँहरूले रोजगारीजन्य दुर्घटनाको मात्र सुविधा पाउनु हुन्छ ।

# अनौपचारिक क्षेत्रको लागि सामाजिक सुरक्षा योजना र योगदान दर

विक्रम सम्बत २०८० श्रावण ३१ मा सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहालले औपचारिक रुपमा शुभारम्भ गरे पछि देशभरका ७५३ स्थानीय तहमध्ये ९० भन्दा बढी स्थानीय तह सामाजिक सुरक्षा कोषमा आवद्ध भएका छन् ।

**आवद्ध हुने अनौपचारिक क्षेत्रका श्रमिकले के पाउँछन् ?**

सामाजिक सुरक्षा कोषमा आवद्ध भएका अनौपचारिक क्षेत्रका श्रमिकले ४ प्रकारको सुविधा पाउँछन् । ती सुविधाहरू हुन्ः (१) औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना (२) दुर्घटना तथा अशक्तता सुरक्षा योजना (३) आश्रित परिवार सुरक्षा योजना र (४) बृद्ध अवस्था सुरक्षा योजना ।

यी सुविधाहरूको विस्तृत जानकारी यस्तो छ–

**(१) औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना**

सामाजिक सुरक्षा कोषमा आवद्ध भएपछि पाइने यो योजनामा २ प्रकारका सुविधा छन् । पहिलोः औषधि उपचार तथा स्वास्थ्य सुरक्षा योजना र दोश्रोः योगदानकर्ता वा योगदानकर्ताको पत्नीलाई मातृत्व सुरक्षा योजना ।

यो योजना अनुसार सामाजिक सुरक्षा कोषमा आवद्ध भएका श्रमिक वा उसको पत्नीको उपचार गर्नका लागि वार्षिक १ लाख रुपैयाँसम्मको औषधि उपचारको खर्च कोषले ब्यहोर्छ। यो योजना सहयोगदानमा आधारित छ | अर्थात् उपचार गराउँदा लागेको रकमको ८० प्रतिशत कोषले र बाँकी २० प्रतिशत सम्बन्धित व्यक्तिले तिर्नु पर्नेछ।

योगदानकर्ता पुरुष भएमा निजको पत्नी वा योगदानकर्ता आफै महिला भएमा सुत्केरी भएको अवस्थामा शिशु स्याहारको लागि प्रतिशिशु एक महिनाको न्यूनतम आधारभूत पारिश्रमिक बराबरको रकम कोषले दिन्छ । अहिलेको व्यवस्था अनुसार एक महिनाको न्यूनतम आधारभूत पारिश्रमिक भनेको १० हजार ८२० रुपैयाँ हो । कोषमा आवद्ध भएका योगदानकर्ता वा निजको श्रीमतीले सुत्केरी हुँदा पनि १० हजार ८२० रुपैयाँ पाउँछन् ।

साथै, अनौपचारिक क्षेत्रमा काम गर्ने कोषमा आबद्द महिला योगदानकर्ताले सुत्केरी हुँदा ९८ दिनसम्म सामाजिक सुरक्षा कोषबाट न्यूनतम आधारभूत पारिश्रमिकको ६० प्रतिशत रकम पाइन्छ । उदाहरणको लागिः अहिले १० हजार ८२० रुपैयाँ न्यूनतम पारिश्रमिक भएकोले त्यसको ६० प्रतिशतका दरले हुन आउने ९८ दिनको रकम ३५ हजार ३४५ रुपैयाँ कोषबाट पाइन्छ ।

**(२) दुर्घटना तथा अशक्तता सुरक्षा योजना**

कोषमा आवद्ध भएर रकम जम्मा गर्न थालेपछि पाइने यो सुविधामा कुनै श्रमिक दुर्घटनमा परी उपचार गराउनु पर्ने भएमा सो उपचारमा लाग्ने ७ लाख रुपैयाँसम्मको खर्च सामाजिक सुरक्षा कोषले व्यहोर्छ।

दुर्घटनामा परेर उपचार गराइरहेको समयमा काममा फर्कन नसकेको अवधिभरको लागि पारिश्रमिक कोषले न्यूनतम आधारभूत पारिश्रमिकको ६० प्रतिशत रकम उपलब्ध गराउँछ। अहिले १० हजार ८२० रुपैयाँलाई आधार मानी कोषले काममा नफर्केसम्मको लागि मासिक ६ हजार ४९२ रुपैयाँका उपलब्ध गराउंछ।

दुर्घटनाकै कारण संधैको लागि काम गर्न नसकिने भयो भने न्यूनतम आधारभूत पारिश्रमिकको ६० प्रतिशत रकम कोषले जीवनभर उपलब्ध गराउंछ।

**(३) आश्रित परिवार सुरक्षा योजना**

सामाजिक सुरक्षा कोषमा आवद्ध भएको श्रमिकको निधन भएमा कोषले आश्रित परिवारलाई ३ प्रकारको सुविधा उपलब्ध गराउंछ। । योगदानकर्ताको मृत्यु भएमा निजको पत्नी वा श्रीमानलाई पेन्सन, छोराछोरीले पढ्न शैक्षिकबृति र योगदानकर्ताको अन्तिम संस्कार गर्न रकम कोषले उपलब्ध गराउंछ।

कोषमा आवद्ध भएको अनौपचारिक क्षेत्रको श्रमिकको जुनसुकै कारणबाट पनि मृत्यु भएमा न्यूनतम आधारभूत पारिश्रमिकको ४० प्रतिशत रकम निजको पति वा पत्नीले जीवनभर पाउँछन् ।

छोराछोरी छन् भने उनीहरू १८ वर्ष नपुगुन्जेल न्यूनतम आभारभूत पारिश्रमिकको ४० प्रतिशत रकम पढ्नका लागि शैक्षिकबृति मासिक पाउँछन् ।

योगदानकर्ताको पति पत्नी वा छोराछोरी नरहेको तर बाबुआमा रहेछन् भने त्यस्ता बाबुआमाले न्यूनतम आधारभूत पारिश्रमिकको ४० प्रतिशत रकम जीवनभर मासिक पेन्सनको दामासाही रुपमा पाउँछन् ।

कोषमा आवद्ध भएका योगदानकर्ताको मृत्यु भएमा निजको आश्रित परिवारका सदस्य वा नजिकको हकवालालाई रू२५ हजार अन्तिम संस्कार खर्च दिने व्यवस्था छ ।

<u>(४) बृद्ध अवस्था सुरक्षा योजना</u>

सामाजिक सुरक्षा कोषमा आवद्ध अनौपचारिक क्षेत्रका श्रमिकको मासिक रुपमा न्यूनतम आधारभूत पारिश्रमिकको १० प्रतिशत रकम बृद्द अवस्था सुरक्षा योजनामा जम्मा हुन्छ ।

निवृतभरण योजनामा जम्मा भएको रकम र सो रकममा कोषले गरेको लगानीबाट प्राप्त प्रतिफल समेत जोडी हुन आउने कुल योगलाई १६० ले भाग गर्दा हुन आउने रकम प्रत्येक महिना पेन्सनको रुपमा जीवनकालभर उपलब्ध गराउँछ।

उदाहरणको लागिः निवृतभरण कोषमा जम्मा भएको र कोषको लगानीबाट आएको प्रतिफल रकमसमेत जोड्दा २० लाख रुपैयाँ भएछ भने त्यसलाई १६० ले भाग गर्दा हुन आउने रकम १२ हजार ५ सय रुपैयाँ मासिक रुपमा पेन्सन उपलब्ध गराउँछ।

तर, कुनै योगदानकर्ताले पेन्सन पाउने उमेर नपुग्दै मृत्यु भयो भने उसको हकवालालाई निवृतभरण योजनामा जम्मा भएको रकम पनि उपलब्ध गराउँछ। साथै, निजको पति वा पत्नीलाई जीवनकालभर उसको आधा पेन्सन रकम उपलब्ध गराउँछ।



*सामाजिक सुरक्षा कोष र मधेशका ४७ पालिकाहरु बीच भएको सम्झौताको एक झलक*

### के हो अनौपचारिक क्षेत्र ?

अनौपचारिक क्षेत्र भनेको श्रम ऐन लागू नहुने क्षेत्र हो । अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिको सामाजिक सुरक्षा योजना संचालन कार्यविधि, २०७९ले अनौपचारिक क्षेत्र भन्नाले औपचारिक प्रबन्धले नसमेटिने सबै प्रकारका श्रमिक सम्झनु पर्छ भनी परिभाषित गरेको छ ।

### हाललाई को को सहभागी हुन सक्छन् ?

हाललाई कृषि, यातातात, घरेलु श्रमिक र निर्माण क्षेत्रका अनौपचारिक श्रमिकहरु कोषमा आवद्द हुन सक्छन् ।

### कोषमा सहभागी हुन कति योगदान गर्नुपर्छ ?

सामाजिक सुरक्षा कोषमा श्रमिकले नेपाल सरकारले तोकेको न्यूनतम आधारभूत पारिश्रमिकको २०.३७ प्रतिशत रकम कोषमा मासिक रुपमा योगदान गर्नु पर्छ । यस मध्य स्थानीय सरकारहरू ले श्रमिकको आधारभूत पारिश्रमिकको ९.३७ प्रतिशत रकम र बाँकी ११ प्रतिशतका दरले हुन आउने रकम ११ सय ९१ रुपैयाँ भने श्रमिक आफैले कोषमा योगदान गर्नुपर्ने हुन्छ । यसरी श्रमिकको प्रतिमहिना २२ सय ५ रुपैयाँ कोषमा जम्मा हुनेछ ।

# फाल्गुण महिनामा कोषका केहि गतिविधिहरुको झलक



धनगढी उपमहानगरमा FNCCI सँगको सहकार्यमा ८० जना सहभागीको सहभागितामा कार्यक्रम सम्पन्न ।




सामाजिक सुरक्षा कोष र कागेश्वरी मनोहरा नगरपालिकासँगको सहकार्यमा नेपाल श्रम प्रतिष्ठानले आयोजना गरेको कार्यक्रम सम्पन्न।



कपिलवस्तुको बुटवलमा गरेको कार्यक्रममा ७ पालिकासँग अनौपचारिक श्रमिक सूचीकरणको लागि सम्झौता सम्पन्न ।



सामाजिक सुरक्षा कोष र काठमाडौं महानगरपालिका बिच औपचारिक क्षेत्रका श्रमिकको आवद्दताको सम्बन्धि छलफल कार्यक्रम सम्पन्न ।




देवदह नगरपालिकामा अनौपचारिक क्षेत्रका श्रमिकको सामाजिक सुरक्षा योजना सम्बन्धि भएको छलफल कार्यक्रमसम्पन्न ।



मेडीसिटीअस्पतालमा औपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षा योजना सम्बन्धि अन्तरक्रिया कार्यक्रम सम्पन्न ।



हरियो खर्क अस्पताल, कास्की पोखरामा औपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षा योजना सम्बन्धि अन्तरक्रिया कार्यक्रम सम्पन्न ।



सुदूरपश्चिम प्रदेशका रोजगार संयोजकहरुसँग कोषका सामाजिक सुरक्षा योजना सम्बन्धि कार्यक्रम सम्पन्न ।



मोरङ र सुनसरी जिल्लाका रोजगार संयोजक र वैदेशिक रोजगारीमा जाने श्रमिकलाई लक्षित कार्यक्रम सम्पन्न कार्यक्रमसम्पन्न ।

# कोषको तथ्यांक : २०८० फाल्गुण

**सामाजिक सुरक्षा कोषमा हालसम्म आवद्ध**
**संस्था, योगदानकर्ता तथा दावी भुक्तानीको विवरण**

मिति: २०८०-११-३०

| प्रदेश | औपचारिक | | | | | | | | वैदेशिक | अनौपचारिक | स्वरोजगार | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदुर पश्चिम | जम्मा | | | | |
| **रोजगारदाता** | १९६८ | ९०० | १२९२६ | ८७४ | १५५७ | २५६ | २७८ | **१८७५९** | | | | १८७५९ |
| **योगदानकर्ता** | ४९३४५ | २४६१२ | ३७२७७१ | १८८०५ | १६९११ | १६६३ | २०१८ | **४८६१२५** | ७१३३५६ | १५४ | ७६ | ११९९७११ |

| योजना | योगदान रकम संकलन | | | | | दावी भुक्तानी | | |
|---|---|---|---|---|---|---|---|---|
| | **औपचारिक** | **वैदेशिक** | **अनौपचारिक** | **स्वरोजगार** | **जम्मा** | दावी गर्नेको संख्या | दावी भुक्तानी संख्या (पटक) | दावी भुक्तानी रकम |
| औषधि उपचार, स्वास्थ्य तथा मातृत्व योजना | १४७३५६८२२८.६३ | | १५६७५७ | १८६०३.२ | १४७३७४३५८८.८० | ५६१३८ | १९५३८८ | ९४५२४२०५२ |
| दुर्घटना तथा अशक्तता सुरक्षा योजना | २०६२९९५२३६.७४ | ५२५६९०४०२.२१ | ० | २६०४४.४ | २९८६५७९३८४.५६ | २८८६ | ४६८३ | १११८४९४७४.२ |
| आश्रित परिवार सुरक्षा योजना | ३९७८६२६७८.७० | | ० | ५०२२.५१ | | ४७२ | १३४६४ | १२७५२७२६८.१ |
| वृद्ध अवस्था सुरक्षा योजना | ४१८६७१८३५०२.४१ | ९७८५५७९३८.३५ | १५८५८०.३ | ५५८६५८.०९ | ४२८४६४५८६७९.१४ | ७१५९६ | ७६००४ | ६९३६४७५५२६ |
| अतिरिक्त योगदान | | | | | ९०८७६५९१७.७० | - | | - |
| प्रतिफल | | | | | २९३०१९०९११.५४ | | | |
| **जम्मा** | | | | | **५१ अर्ब १४ करोड** | १३१०९२ | २८९५३९ | ८ अर्ब १२ करोड |




## कोषको संचालक समितिको अध्यक्षमा घनश्याम उपाध्याय



सामाजिक सुरक्षा कोषको संचालक समितिको अध्यक्षमा सचिव घनश्याम उपाध्याय नियुक्त हुनु भएको छ । नियमानुसार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव कोषको संचालक समितिको अध्यक्ष हुने प्रावधान छ । यस अघि पूर्व सचिव श्री केवलप्रसाद भण्डारी कोषको संचालक समितिको अध्यक्ष हुनुहुन्थ्यो । श्री केवलप्रसाद भण्डारीले राजिनामा दिए पछि रिक्त रहेको कोषको अध्यक्षमा श्री घनश्याम उपाध्यायको नियुक्ति संगै कोषले नयाँ अध्यक्ष पाएको हो ।

| | |
|---|---|
| *प्रकाशक* | *सामाजिक सुरक्षा कोष* |
| *सुझाव तथा गुनासोको लागि* | *media@ssf.gov.np* |